भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गार्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



लकडाउनको थप निर्णय गर्नका लागि क्याबिनेट बैठक

तस्बिर: PMO






## व्यवसायिक ऋणीलाई २०७६/७७ को चौथो त्रयमास (असाढ मसान्त) को व्याज रकममा २% छुट गर्न राष्ट्र बैंकले इजाजत प्राप्त "क", "ख", "ग", "घ" बर्गका बैंक तथा वितिय संस्थालाइ निर्देशन दिएको छ।




## तर, यो योजना निम्न व्यवसायमा भने लागु हुने छैन:

- खाद्यान्न प्रसोधन तथा बिक्रि वितरणसंग सम्बन्धित व्यवसाय
- ग्याँस उत्पादन तथा बिक्रि वितरणसंग सम्बन्धित व्यवसाय
- सोप एण्ड केमिकल्स
- औषधी बिक्रि वितरणसंग सम्बन्धित व्यवसाय
- इन्टरनेट सेवाप्रदायक
- दुरसञ्चार सेवा प्रदायक
- टेलिभिजन सेवा प्रदायक
- सूर्ती तथा मदीराजन्य उद्योग
- सञ्चालनमा रहेका जलविद्युत आयोजना

# हल्ला र तथ्य



निजि अस्पतालले पनि कोभिड - १९ को परिक्षण गर्न थाले भन्ने सुनिन्छ।

सरकारले भर्खरै कोभिड - १९ को परिक्षण गर्ने प्रयोगशालाको न्युनतम मापदण्ड बारे अन्तरिम निर्देशिका जारी गरेको छ । यस निर्देशिका बमोजिम मापदण्ड पुरा गर्ने निजि प्रयोगशालाहरुलाई पनि कोभिड - १९ को परिक्षण गर्ने बाटो खुलेको छ । यसका लागि मापदण्ड पुरा गरेका प्रयोगशालाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट छुट्टै अनुमती लिनु पर्नेछ ।



लकडाउनको बेला घरमै बसेका सरकारी कर्मचारीको सेवा सुविधा काटिने हो?

चैत्र ९ गते पश्चात सरकारी कार्यालय, निकाय वा उद्योगमा दिईएको बिदा व्यक्तिगत बिदा कटौती नगरी सार्वजनिक बिदामा परिणत हुनेछ । यो अवधिमा उनिहरुको तलब लगायत खाईपाई आएको भत्ता समेत यथावत रहने सूचना गृह मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गरेको छ ।



सामान्य मान्छे त क्वारेन्टाईनमा बस्न नमानेर भागेका समाचार सुनिन्छन् । अपांगता भएका व्यक्ति क्वारेन्टाईन वा आईसोलेशनमा बस्नुपरे के गर्ने ?

अपांगता भएका व्यक्ति क्वारेन्टाईन वा आईसोलेशनमा राख्दा विशेष व्यवस्था गर्नु पर्दछ । उपचारको क्रममा व्यक्तिगत सहयोगी, स्याहारकर्ता, सांकेतिक भाषा दोभाषे, नोट टेकर चाहिने अपांगता भएका व्यक्तिहरुलाई सुरक्षाका सबै उपाय अपनाई सेवाहरु उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ । महिला बालबालिका तथा जेष्ठ मन्त्रालयले जारी गरेको कोभिड - १९ महामारी विरुद्धको अपांगता सम्बन्धी मार्ग निर्देशन २०७७ ले उक्त कुरा सुनिष्चित गरेको छ ।



सरकारले लकडाउनको अवधिभर एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा पनि आवागमन बन्द गर्ने भनेको थियो । तर अहिले स्थानीय तहले नै गाडी पठाएर काठमाण्डौबाट मान्छे ओसारीरहेका छन् नी ।

पछिल्लो पटक स्थानीय तहहरुले काठमाण्डौबाट थुप्रै यात्रुहरु लैजान गाडीको व्यवस्था गरेका थिए । यस सम्बन्धमा जनगुनासो बढेपछी गृह मन्त्रालयले सुरक्षा निकाय र ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र जारी गर्दै सवारी आवतजावतमा पूर्ण रोक लगाउन निर्देशन दिएको छ । यसै बिचमा बिभिन्न जिल्लाबाट काठमाण्डौ आउनलागेका यात्रुलाई जहाँबाट आएकाहुन् त्यही फर्काईएको छ ।

## सूचनाका स्रोतहरु

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६

कोभिड(१९ को अवस्थाअ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| देश | नेपाली | संक्रमित | नेपाली संक्रमित |
|---|---|---|---|
| साउदी अरव | ३,५२,६६७ नेपाली | २०,०७७ संक्रमित | ४ नेपाली संक्रमित |
| कुवेत | ८२,६३० नेपाली | ३,४४० संक्रमित | २१ नेपाली संक्रमित |
| बहराईन | २८,२७६ नेपाली | २,८१० संक्रमित | ४९ नेपाली संक्रमित |
| कतार | ४,३७,००९ नेपाली | ११,९२१ संक्रमित | २ नेपाली संक्रमित |
| युएई | २३,११,०८८ नेपाली | ११,३८० संक्रमित | ७१ नेपाली संक्रमित |
| ओमान | ८,२५० नेपाली | २,१३१ संक्रमित | |
| मलेसिया | ४,६९,१३१ नेपाली | ५,८५१ संक्रमित | ३ नेपाली संक्रमित |
| दक्षिण कोरिया | ५३,६९१ नेपाली | १०,७६१ संक्रमित | |




**ShramikSanjal**

## विदेश सरोकार, ३ समाचार

**१. कुवेत:** कुवेतमा दिईएको आम माफीका लागि लगभग २५०० नेपालीले आफ्नो नाम टिपाईसकेका छन् । नेपालीका लागि नाम टिपाउने समयावधी अब दुई दिनमात्र छ । करिब ४००० नेपाली श्रमिक आम माफीमा सहभागि हुने अनुमान गरिएको छ ।

**२. यु.ए.ई.:** यू.ए.ई.मा रहेका नेपालीहरुको स्थिती पत्ता लगाउन त्यहाँ स्थीत नेपाली दुतावासले श्रमिकलाई आफ्नो विवरण भर्न अनुरोध गरेको छ । खान, बस्न र जागिर को अवस्था कस्तो छ ? नेपाल जान चाहेको हो वा होईन ? तत्कालै हो भने, किन ? जस्ता विवरणहरु खुलाउनु पर्नेछ । फारम भर्नको लागि दुतावासको आधिकारीक वेबसाईट www.uae.nepalembassy.gov.np मा गएर भर्न सकिनेछ । कसरी भर्ने भन्ने अप्ठेरो परेमा श्रमिक संन्जालले बनाएको टुटोरियल भिडियो हेर्न सकिन्छ । उक्त भिडियो श्रमिक संन्जालको यूट्यूव च्यानल र फेसबुक पेजमा भेट्न सकीन्छ ।



**३. साउदी अरव:** साउदी अरव स्थीत नेपाली दुतावासमा श्रमिकले फोन गर्दा नउठ्ने, फेसबुकमा म्यासेज गर्दा केही प्रतिकृया नआउने जस्ता अनेक गुनासा आईरहेकाछन् । यदी यस्तो भएमा कार्यालय समय बिहान ९ बजे देखी १२ बजेसम्म ०५०००३१७०५ र दिनको १ बजे देखी ४ बजेसम्म ०५०००३४७८६ मा फोन गर्न दुतावासले अनुरोध गरेको छ ।

# $ फलो द मनी

## संघिय सरकार

तिन पटक गरेर नेपाल सरकार
अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण,
रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब १६ करोड**



जम्मा

खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा
नेपाल सरकारले गरेको खर्च

**करिब १ अर्ब ५० करोड**

| प्रदेश | जम्मा रकम | खर्च गरिएको रकम | बाँकी रकम |
|---|---|---|---|
| प्रदेश १ | करिब २८ करोड ८२ लाख | करिब १२ करोड ६ लाख | करिब १६ करोड ७६ लाख |
| प्रदेश २ | ६१ करोड | १७ करोड ७० लाख | ४३ करोड ३० लाख |
| बागमती प्रदेश | ४० करोड | १२ करोड ३२ लाख | १७ करोड ७५ लाख |
| गण्डकी प्रदेश | करिब १५ करोड | ९ करोड २० लाख | ५ करोड ८० लाख |
| प्रदेश ५ | २३ करोड ६० लाख | १३ करोड ६० लाख | १० करोड |
| कर्णाली प्रदेश | ५० करोड | १३ करोड २० लाख | ३६ करोड ८० लाख |
| सुदुरपश्चिम प्रदेश | करिब ४० करोड २७ लाख | २० करोड १९ लाख | २० करोड ८ लाख |

नोटः यो विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो।
थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं ।

accountabilitylab NEPAL

# कोरोना महामारीमा सुशासनको सुनिश्चितता



बिश्वव्यापी रुपमा फैलिएको महामारी कोरोनाका कारण बिश्वमै सन्त्रास छ। यसबाट बिकासोन्मुख राष्ट्रहरु मात्र होईन, अल्पबिकसित, बिकसित राष्ट्रहरु समेत प्रभावित छन्। यो बिपत्ति हो, बिपत्तिमा सबैको सहयोग र साथ जरुरी छ। यो अरु जस्तो बिपत्ति नभएका कारण खबरदारीमा समस्या हुन सक्दछ। यो बिषम परिस्थितीमा सुशासनको सवाल ओझेलमा पर्ने सम्भावन रहेको छ। तसर्थ निम्न कुराहरुमा सरोकारवालाहरुरुले तत्काल ध्यान दिनु पर्दछ।



## १) सूचनाको पहुँचको दायरा बढाउने:

- यो बिषम परिस्थितीमा सूचना माग्ने अवस्था हुँदैन तसर्थ सरकारले कोरोनाको अवस्था देखि, उपचार, राहत लगाएतका सबैमा लाग्ने खर्च खुलाशा गर्नुपर्दछ।
- सरकार आफै सक्रिय भएर स्वस्फूर्त सूचना प्रकाशन, प्रशारण गर्नुपर्दछ।
- आम सञ्चार माध्यम वेवसाईट लगाएत सामाजिक सञ्जाल, ई-बुलेटिनहरुको व्यापक उपयोग गर्नुपर्दछ।

## २) राहत वितरणमा पारदर्शिता:



राहतलाई प्रभावकारी, पारदर्शी बनाउनु पर्दछ । राहतमा सहयोग गर्ने व्यक्ति, संघ, संस्था, राहत प्राप्त गर्ने व्यक्तिहरुको नाम, नामेशी नियमित अद्यावधिक गर्नु पर्दछ। सम्भव भएसम्म यसलाई अनलाईन प्रणालीमा लैजानुपर्दछ।



## ३) नियम कानुनको कार्यान्वयन:

बिषम परिस्थितीको कारण जनाउँदै प्रकृयाहरु अवलम्वन नगर्ने र हचुवाका भरमा नियम, कानुनको उलंघन गर्ने कार्य तर्फ कडा रुपमा रोक लगाउनुपर्दछ।

## ४) नियमनकारी निकायको सकृयता:



कोरोना नियन्त्रणका लागि भएका प्रयासहरुमा हुन सक्ने सम्भावित अनियमितताका बिषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सर्तकता केन्द्र लगाएतका निकायहरु चनाखो हुनुपर्दछ।



## ५) कोरोना नियन्त्रणमा प्रभावकारी एकद्वार प्रणाली:

सरकारको एकद्वार प्रणालीलाई प्रभावकारी बनाईनु पर्दछ। एकद्वार प्रणाली मार्फत कोरोना नियन्त्रणका कार्यहरु हुनु पर्दछ। जसमा नागरिक संलग्नता (citizen engagement) पनि सुनिश्चित गर्नुपर्दछ।

## ६) सकृय हेल्लो सरकार:



सुशुप्त अवस्थामा रहेको हेलो सरकारलाई यो बेला सशक्त बनाई आम नागरिकहरुका गुनासाहरु सुनुवाई गर्ने व्यवस्था मिलाउनुपर्दछ।



## ७) अनियमिततामा निष्पक्ष छानविन:

अहिलेको अवस्थामा हुने अनियमितता, भ्रष्टाचार जस्ता घटनाका बिषयमा तत्काल निष्पक्ष छानविन हुनु पर्दछ।

**नमस्कार शाह**, सुशासन अभियन्ता, नेपालगञ्ज

सही सूचना

## के सरकारले अहिलेको संकटको अवस्थामा अर्थतन्त्रलाई उकास्ने बारेमा चासो राखेको छ ?

### जिल्लागत कोभिड - १९ का संक्रमित र उनिहरुको अवस्था




नेपालले लकडाउन सुरु गरेको एक महिना पुरा भएको छ । अहिलेसम्म कोभिड - १९ को संक्रमण १२ वटा जिल्लामा देखिएको छ भने, ताजा स्थितीमा अहिले ९ वटा जिल्लामामात्र यसको संक्रमण छ । देशै भरी हेर्ने हो भने, पर्सा र उदयपुरमामात्र समुदाय स्तरमा संक्रमण सर्न सक्ने जोखिम देखिन्छ । यदी दैनिक रुपमा परिक्षणको दर बढाउने हो र संक्रमितको सम्पर्कमा आएका व्यक्तिलाई प्रभावकारी रुपमा परिक्षणको दायरामा ल्याउन सक्ने हो भने, देशका थुप्रै क्षेत्रमा अर्थतन्त्रलाई चलायमान बनाउन लकडाउन खुला गर्न सकिन्छ ।

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219